नगर कार्यपालिकाको
बैठक संख्या: २६/२०७९-०८४

आज मिति २०८० असार २ गते विहान ८ बजे भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डाङ्गी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

श्री मान बहादुर ठाडा, लेखा अधिकृत आठौं
श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री कुल बहादुर खड्का, प्रशासन शाखा
श्री कृष्ण बहादुर शाही, कार्यालय सहयोगी

CamScanner

**प्रस्ताव नं. १ : राजस्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिकाको राजस्व परामर्श समितिको बैठकबाट प्राप्त हुन आएको प्रतिवेदन पेश भई छलफल भयो साथै बाँकी रहेका विषयहरुको समेत कर निर्धारण गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : प्रशासनिक भवन सम्बन्धमा ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको प्रशासनिक भवन सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : आगामी आ.व. को योजना सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाको आगामी योजना सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : स्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाको आगामी बर्षका लागि स्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : योजना सम्पन्न गर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ : यस भेरीगंगा नगरपालिकाको योजना सम्पन्न गर्ने म्याद २०८० जेठ मसान्तसम्म भएकोमा केही योजना निर्माणकै प्रक्रियामा रहि सम्पन्न गर्न बाँकी रहेकोले २०८० असार १५ गतेसम्म योजनाहरु सम्पन्न गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ६ : बिबिध सम्बन्धमा ।**

निर्णय नं. ६ : बिबिध सम्बन्धमा तपसिल अनुसारका निर्णयहरु सर्वसम्मतीले पारित गरियो ।

**६. क. पाइप वितरण सम्बन्धमा ।**

निर्णय नं. ६. क : यस भेरीगंगा नगरपालिका सुर्खेतले खरिद गरी प्राप्त हुन आएका पोलिथिन पाइपहरुलाई १५ भागमा विभाजन गरी १३ वटा वडा कार्यालय र नगरमा २ भाग गरी वितरण गर्ने र वडाबाट सिफारिस भै आएका निवेदनहरु वडामै पठाउने र अति आवश्यक भएअनुसार वितरण गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**६. ख : सरसफाईकर्मीको सेवा खरिद सम्बन्धमा ।**

निर्णय नं. ६. ख : यस भेरीगंगा नगररपालिका वडा नं. ७ को आधारभूत स्वास्थ्य सेवा केन्द्रमा १ जना सरसफाईकर्मीको आवश्यक परेकोले दैनिक ज्यालादारीमा सेवा खरिद गरी सरसफाईकर्मी नियुक्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।